# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/०९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१९२ मिति २०८१/१२/२१ र च.नं.३२२५ मिति २०८१/१२/२२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २६०५ मिति २०८२/११/०१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका खयर, बृक्षारोपण सिसौ, साल र असना जातका कुल जम्मा गोलिया थान ६१४ को १८१८.८५ क्यू फिट काठ तथा ४ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

## श्री सुनखोली सामुदायिक वन उपभोक्ता समूह

राप्तीसोनारी गा.पा.-०५, बाँके

### रुपन्देही–४ का मतदाता भन्छन्:

# ‘हामीलाई विकासप्रेमी नेता चाहिएको छ’

■ रविन्द्रप्रताप गुप्ता

रुपन्देही, फागुन ८ । ‘मर्चवार आउने सडकको अवस्था राम्रो छैन, यहाँको मुख्य समस्या भनेकै बाटोको हो, सडक राम्रो नहुँदसम्म जीवन सहज हुँदैन,’रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा पर्ने मर्चवारी-३ सिसो सेमराका ओमप्रकाश कान्दूले भने । कान्दूजस्ता रुपन्देही-४ का मतदाताको आमसमस्या सडककै हो । एम्बुलेन्स र दमकल ल्याउन पनि समस्या हुने गरेको उनको गुनासो छ।

त्यसबाहेक बेरोजगारी यहाँको प्रमुख समस्या हो । यस क्षेत्रमा नयाँ उद्योग स्थापना गरी स्थानीय जनशक्तिलाई रोजगारी उपलब्ध गराउने खालको नेता आवश्यक भएको उनको भनाइ छ । ‘त्यति मात्रै होइन, किसानले समयमै मलखाद नपाएको अवस्था छ, मलका लागि अहिले पनि सीमापारी भारत जानुपर्ने बाध्यता छ, सिँचाइको सुविधा पनि छैन ।’



कान्दू यसपटक रुपन्देही-४ मा विकास गर्नसक्ने र यस क्षेत्रलाई अगाडि बढाउनसक्ने उम्मेदवारलाई मतदान गर्ने सोचमा छन् । उनी भन्छन्,‘यो क्षेत्रबाट उम्मेदवारी दिनुभएकामध्ये यहाँको विकास गर्नसक्ने उम्मेदवारलाई जनताले मतदान गरेमात्रै विकास हुन्छ। उम्मेदवारलाई चिनेर मतदान गर्नुपर्छ। निर्वाचन जितेर गएपछि आफूले जितेका क्षेत्रमा नफर्किनेलाई किन जिताउने ? यो क्षेत्र र जनतालाई हेर्ने उम्मेदवार चाहियो। ? जितेपछि काम गर्छु भन्ने आश्वासन मात्रै पाइयो । जितेर गएपछि हामीलाई उहाँहरुले चिन्दै चिन्नुहुन्न।’

मर्चवारी-३ रायपुरका साधुशरण यादव रुपन्देही क्षेत्र नं ४ मा विशेषगरी सडक, किसानलाई समयमै मलखाद र सिँचाइको सुविधा उपलब्ध नहुनु, सुविधासम्पन्न अस्पताल नहुनु, विद्यालयमा भौतिक पूर्वाधारको अभावजस्ता मुख्य समस्या रहेको बताए। ‘विगतमा जितेर गएका जनप्रतिनिधिले खासै विकासका काम गर्न सक्नुभएन । यसपटक निर्वाचनमा मतदान गरेर शिक्षा, स्वास्थ्य, रोजगारीलगायतको व्यवस्थाका साथै यस क्षेत्रको विकास गर्नसक्ने उम्मेदवारलाई जिताउँछौं,’उनले भने । कोटहीमाई गाउँपालिका-७ परसहवाका मख्खन लोधले यस क्षेत्रमा समस्याको चाङ रहेको बताए। उनले समस्या समाधान गर्न सक्ने उम्मेदवारलाई जिताउनुपर्नेमा जोड दिए।

मर्चवारी गाउँपालिका-सिसो सेमराका श्याम मोहन यादवले पनि मुख्य गरी यहाँ सडककै समस्या रहेको बताए । ‘सडकमा खाल्डाखुल्डी छ, जसले गर्दा सवारी दुर्घटना बढेको छ । विद्यालयमा पनि विभिन्न समस्या छ। सुविधासम्पन्न अस्पताल पनि छैन । यहाँबाट निर्वाचित जनप्रतिनिधिले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारजस्ता क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्छ,’ उनले भने।

मायादेवी गाउँपालिका-४ का चन्द्रशेखर गुप्ताले यो क्षेत्रमा मुख्य गरी सडक पूर्वाधारकै समस्या रहेको बताए । उनले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा जनप्रतिनिधिले विशेष ध्यान दिनुपर्ने माग गरे । मर्चवारी-१ का श्रीराम यादवको भनाइ पनि समान नै छ । उनले भने,‘जुन उम्मेदवारले खाद्य, सिँचाइ, सडकको व्यवस्था गर्न सक्नुहुन्छ, त्यही उम्मेदवारलाई नै यसपटक जिताउने हो।’

सम्मरीमाई गाउँपालिका-६ असुरैनाका मोहम्मद असलम खाँले शिक्षा, स्वास्थ्य, सडक, कृषि क्षेत्रमा नै मुख्य समस्या रहेको बताए। मर्चवारी-१ कै मेनका यादवले काम नगर्ने उम्मेदवारलाई किन जिताउने भन्दै प्रश्न गरे। उनले शिक्षा, सडक, कृषि, रोजगारीमा ध्यान दिने जनप्रतिनिधि आवश्यक रहेको बताए।

रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा ६६ हजार ६२ पुरुष, ५० हजार ११० महिला गरी एक लाख १६ हजार १७२ मतदाता छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपन्देही क्षेत्र नं ४ बाट २२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। यहाँ पूर्वमन्त्रीदेखि पूर्वप्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य चुनावी मैदानमा छन्। रुपन्देही-४ मा सात जना स्वतन्त्र र राजनीतिक दलबाट १५ जनाले उम्मेदवारी दर्ता गराएका थिए।

विसं.२०७९ मा यो क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालका सर्वेन्द्रनाथ शुक्ला निर्वाचित भएका थिए। विसं.२०७४ नेपाली कांग्रेसका प्रमोदकुमार यादव निर्वाचित भएका थिए भने २०७० सालमा तराई-मधेस लोकतान्त्रिक पार्टीबाट शुक्ला नै निर्वाचित भएका थिए। विसं २०६४ मा भने मधेसी जनअधिकार फोरमका उम्मेदवार ओमप्रकाश यादव निर्वाचित भएका थिए। रासस

# जीवन बदलिने आशामै छन् बोटे समुदाय



नवलपरासी, फागुन ८ । यहाँका बोटे समुदाय परम्परागत पेसामै निर्भर छन् । पुस्तौँदेखि माछा मार्ने, डुङ्गा चलाउने र ज्याला मजदूरी गर्ने पुर्ख्यौली पेसा नै यो समुदायका व्यक्तिको मुख्य आम्दानीको स्रोत हो। शिक्षा, स्वास्थ्य र सडकको पहुँचमा केही सहज भए पनि आवश्यक सिप, वैकल्पिक रोजगारी र स्थायी बसोबासको सुनिश्चितता नहुँदा यो समुदायको जीवनस्तरमा अपेक्षित सुधार आउन सकेको छैन।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) को मध्यविन्दु नगरपालिका-२ स्थित बोटे माझी शिविरका रनकुमार बोटे आफ्नो समुदायले नयाँ पेसा व्यवसाय गर्ने सोच राखे पनि पूरा हुन नसकेको बताए। ‘हामीलाई माछा मार्नेबाहेक अरू काम खासै आउँदैन । तालिम र रोजगारीको अवसर भए नयाँ काम गर्न सकिन्थ्यो तर हालसम्म यही पेसामा निर्भर हुनुपरेको छ,’ उनले भने।

नदी किनार आसपास बसोबास गर्ने बोटे समुदायका अधिकांश परिवार बिहानै नदीमा पुग्छन् । कसैले जाल हाल्छन्, कसैले डुङ्गा चलाएर जीविका चलाउँछन् । दिनभरको मेहनतपछि कमाएको थोरै रकमले परिवार धान्नुपर्ने अवस्था रहेको स्थानीय श्यामकुमारी बोटेको भनाइ छ । उनका अनुसार वैकल्पिक रोजगारी नहुँदा नयाँ पुस्ता पनि पुरानै पेसामा बाँधिन बाध्यरहेका छन् । बोटेले भनिन्,‘छोराछोरी पढिरहेका छन् तर पढेपछि के गर्ने भन्ने अन्योल छ। काम गरिखाने सीप सिकाउने तालिम पाए फरक क्षेत्रमा जान सक्थे। सम्मानित जीवन जिउन सहज हुन्थ्यो।’ विसं. २०५८ मा नारायणी नदीमा आएको भीषण बाढीले साविक नारायणी गाविस-३, ४ र कोल्हुवा गाविस-६ नन्दपुरका २३८ घरपरिवार विस्थापित भएका थिए । तीमध्ये करिब ३८ बोटे परिवारलाई हालको मध्यविन्दु नगरपालिका-२ शिविर बोटे माझी टोलमा स्थानान्तरण गरिएको थियो। सरकारले दिएको १० धुर जग्गामा उनीहरू वर्षौंदेखि बसोबास गर्दै आएका छन्, तर अझै जग्गाको लालपुर्जा प्राप्त हुन सकेको छैन। स्थानीय बासिन्दा भन्छन्,‘जमिनको स्वामित्व सुनिश्चित भए भविष्यप्रति ढुक्क हुन सकिन्थ्यो। हाल बसोबास त गरिरहेका छौं तर कानुनी कागज नहुँदा असुरक्षा महसुस हुन्छ ।’ सामाजिक तथा आर्थिक रूपमा सीमान्तकृत मानिएको यस समुदायलाई राज्यले शिक्षा, सिपमूलक तालिम र लक्षित रोजगारी कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने स्थानीय पूर्णिमा बोटेले बताए। परम्परागत पेसा संरक्षणसँगै आधुनिक सिप विकास गरिए मात्रै नयाँ पुस्ता गरिबीको रेखाबाट बाहिर निस्कनसक्ने उनको भनाइ छ। ‘स्थानीय तहले केही सामाजिक सुरक्षा र आधारभूत सेवा उपलब्ध गराए पनि दीर्घकालीन आयआर्जनका कार्यक्रमको अभाव छ,’ बोटेले भनिन्,‘माछा मार्ने पेसालाई सम्मानजनक रूपमा आधुनिकीकरण गर्दै पर्यटन, मत्स्यपालन तथा साना उद्यमसँग जोड्ने गरी सरकारले योजना ल्याउनुपर्छ।’

जिल्लाका गैँडाकोट, देवचुली, कावासोती र मध्यविन्दु नगरपालिका क्षेत्रमा बोटे समुदायको उल्लेख्य बसोबास रहेको छ । विसं.२०७८ को राष्ट्रिय जनगणनाअनुसार जिल्लामा बोटे समुदायको जनसंख्या दुई हजार ४०६ रहेको छ। बोटे समुदायका ज्येष्ठ नागरिकहरू भन्छन्,‘हामी नदीसँगै जन्मियौँ, नदीमै बाँचेका छौँ। अब राज्यले हाम्रा सन्तानलाई नयाँ बाटो देखाइदियो भने हाम्रो संघर्षको सार्थकता हुनेछ।’ परम्परागत ज्ञान र संस्कृतिको धनी बोटे समुदाय आज पनि जीवनयापनको आधार खोज्दै संघर्षरत छ। । सिप, रोजगारी र सुरक्षित बसोबासको सुनिश्चितता भए उनीहरूको जीवनस्तर उकासिनुका साथै परम्परागत पहिचान पनि जोगिने विश्वास गरिएको छ। निर्वाचनको माहोल चलिरहेको अवस्थामा यस समुदायले दल तथा तिनका उम्मेदवारबाट यही आशा राखिरहेका छन्। रासस

# मुख्य याममै घटे सौराहामा पर्यटक

चितवन, फागुन ८ । विगतका वर्षमा यतिबेला सौराहाका होटल ८० प्रतिशत हाराहारी भरिने गरेका थिए। यस वर्ष यतिबेला आधा हाराहारी मात्र पर्यटक यहाँ आएका छन् । मुख्य याममा पर्यटक नआउँदा व्यवसायीमा निरासा छाएको छ । क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउँछन्। गत वर्ष यतिबेला होटलका ८० प्रतिशत कोठा भरिने गरेका उल्लेख गर्दै यस वर्ष ५० प्रतिशतभन्दा कम कोठा बुक भएका उनको भनाइ छ।



अध्यक्ष पाण्डेले भने,‘एकदमै राम्रो पर्यटकीय याममा पनि किन पर्यटक आएनन् हामी सोचमग्न छौं ।’ यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डी फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ।

मौसमका हिसाबले पनि गर्मी र जाडो दुबै नहुने भएकाले सबैका लागि उपयुक्त यही समय हो। सबै हिसाबले राम्रो भए पनि विदेशी पर्यटक न्यून मात्र आउँदा व्यवसाय प्रभावित भएको उनको भनाइ छ। सौराहामा मात्र नभएर देशभरको अवस्था उस्तै रहेको अध्यक्ष पाण्डेले बताए।

उनले भने,‘पर्यटक नआउनुको कारण खोज्नुपर्ने भएको छ।’ संघका अध्यक्ष गुणराज थपलिया निर्वाचनका कारण विदेशी पर्यटक नआउँदा सौराहामा पर्यटकको संख्यामा कमी आएको बताउँछन् । निर्वाचनपछि पर्यटक बढ्ने उनले अपेक्षा गरे। होटल व्यवसायी सुमन घिमिरे निर्वाचनको मुखमै पर्यटकको आगमनमा कमी आएको बताउँछन्। विशेष अवस्थामा निर्वाचन हुन लागेको उल्लेख गर्दै उनले अन्तर्राष्ट्रिय जगतमा यहाँको अवस्था शान्तिपूर्ण छ भन्ने सन्देश पुग्न जरुरी भएको बताए।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा गत वर्ष यतिबेला दैनिक चार खेप गर्ने हात्तीले अहिले एक खेप मात्र गर्ने गरेको बताउँछन् । पर्यटकको आगमनमा कमी आएपछि व्यावसायिक रुपमा पालिएका हात्तीका सञ्चालक प्रभावित भएका छन् । रेष्टुरेन्ट व्यवसायीसमेत रहेका खतिवडाका अनुसार पर्यटक नआएपछि सौराहाका रेष्टुरेन्टमा प्रत्यक्ष प्रभाव परेको छ। मुख्य मौसममा पर्यटक घटेपछि पर्यटकीय गतिविधिमा काम गर्ने समग्र व्यवसाय प्रभावित भएको उनले बताए।

बनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपाने सौराहामा यो मौसममा पर्याप्त पर्यटक आउने भए पनि यस वर्ष कमी आएको बताउँछन्। होटल क्षेत्रमा लामो अनुभव सगालेका उनले पर्यटक आउनेमा आशावादी छन्।

सौराहामा १४८ होटल छन्। जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ। यस क्षेत्रमा प्रत्यक्ष रुपमा ६ हजार ४०० जनाले रोजगारी पाएको छ । अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायिक वनमा दुर्लभ एक सिङ्गे गैँडा, पाटेबाघ, घडीयाल गोहीलगायतका दुर्लभ वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन्।

यसका अतिरिक्त सौराहामा थारु संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछ। यसका साथै नेपालका विभिन्न संघ संस्था कार्यक्रम गर्न सौराहा आउँछन् भने भारतीय नागरिक बढी मात्रामा यहाँ आउने गर्छन्।

# मौलिक खाना र संस्कृति बचाउन एमजी क्लबको अभियान



बुटवल, फागुन ८ (मेसस) । मगर समुदायको कला संस्कृति र भाषा बचाउन मगर संघ केन्द्रीय समितिले अभियान सञ्चालन गरेको मगर संघका केन्द्रीय सहअध्यक्ष गंगाखासु मगरले बताएकी छिन् । मगर संघको ४४ औं स्थापना दिबसका अवसरमा एमजी क्लब बुटवलले आयोजना गरेको मौलिक खाना तथा सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दे खासुले सो कुरा बताएकी हुन्।

मगर समुदायको बिकासका लागि चारखम्बे नीति अबलम्बन गर्दै शिक्षा, सामाजिक न्याय, आर्थिक विकाससहित कला संस्कृतिको जगेर्ना र संरक्षणका लागि देशैभरि तथा अन्तर्राष्ट्रियस्तरमा मगर संघको कार्यान्वयनमा जोड दिएको उनले बताइन् । मुलुकको हरेक परिवर्तन र समृद्धिमा मगर समुदायले गरेको त्याग तपस्या र विदेशमा बेचिएर पठाएको रेमिट्यान्सको योगदानको अवमूल्यन भएको उनले बताइन् । विगतमा नेपालको राज्य सत्तामा मगर समुदायले नेतृत्व गरेको इतिहास रहेको तथा पछिल्लो समय एकल जातीय राज्य सत्ताले समावेशीताको नारा व्यवहारमा उतार्न नसकेको गुनासो गर्दै उनले निरन्तर खबरदारी तथा विभिन्न चरणको आन्दोलन जारी रहेको बताइन्।

राज्यले मेटिएका र मेटाउन कोसिस गरिएका ऐतिहासिक थातथलोको पहिचान पुनस्थापना गर्न सकेमा नेपालको बहुभाषिक तथा बहुसाँकृतिक मुलुकको पहिचान स्थापना हुने र समग्र राज्य बलियो हुने उनको तर्क छ।

कार्यक्रममा उद्योगी व्यवसायी गमप्रसाद रेशमी, समाजसेवी ओमीकला गाहा मगर, बुटवल उपमहानगरका प्रवक्ता शिव राना, समाजसेवी प्रकाश राना, व्यवसायी मिनबहादुर पुन, मगर संघ रुपन्देहीका अध्यक्ष थर्क बाह्रघरे, मगर पत्रकार संघका केन्द्रीय सचिव मिलन गाहा मगर, अधिवक्ता मदन पुन, डा.ज्योती रानासहित विभिन्न क्षेत्रमा कार्यरत मगर समुदायका व्यक्तिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न समयमा गरेका उपलब्धी, कोरोना पछिको समयमा गरिएको सहयोग, विभिन्न विद्यालयमा गरिएको सहयोग, विभिन्न खेलकुद प्रतियोगिताको आयोजना, रक्तदान तथा विभिन्न समाजसेवाका कामबारे संस्थापक अध्यक्ष तुलबहादुर सारुले जानकारी गराएका थिए।

संस्कृतिको संरक्षणमा कलाकार सिद्धार्थ आले, दिपीका बयम्बु मगर र दिपु मगरले मौलिक गीतहरु प्रस्तुत गरेका थिए । सोही कार्यक्रममा ब्रिटिस आर्मीका रिटायर्ड सार्जन ९४ वर्षीय मनबहादुर सारुलाई सम्मानसमेत गरिएको थियो। कार्यक्रम एमजी क्लबका अध्यक्ष देवलाल अर्घाली मगरको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष निलबहादुर गाहाको स्वागत, महासचिव निरबहादुर गाहाको सञ्चालनमा सम्पन्न भएको थियो । एमजी क्लबले कोरोना कालदेखि अन्य विभिन्न समयमा समस्यामा परेका असहायका लागि सहयोग प्रदान गर्दै आइरहेको छ।


## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/०९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१९२ मिति २०८१/१२/२१ र च.नं.३२२५ मिति २०८१/१२/२२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २६०५ मिति २०८२/११/०१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका खयर, बृक्षारोपण सिसौ, साल र असना जातका कुल जम्मा गोलिया थान ६१४ को १८१८.८५ क्यू फिट काठ तथा ४ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री सुनखोली सामुदायिक वन उपभोक्ता समूह**

राप्तीसोनारी गा.पा.–०५, बाँके



## हार्दिक समवेदना



जन्मः १९९८/१/१२

**स्व. नुमकला भुसाल (जनका)**

निधनः २०८२।११।०५

यस खैरेनीचौर सामुदायिक बन उपभोक्ता समूह बाणगंगा ५ र ६ का कार्य समिति सचिव रामप्रसाद भुसालका ममतामयी माता **नुमकला (जानका) भुसाल**को यही मिति २०८२ फागुन ५ गतेका दिन ८५ बर्षको उमेरमा भएको निधनले हाम्रो संस्था स्तब्ध एवं मर्माहत भएको छ। दु:खको यस घडीमा दिवंगत आत्माको शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ।

**मञ्जु मत्रा**
अध्यक्ष (एवम्)


**खैरेनीचौर सामुदायिक वन उपभोक्ता समूह परिवार**

वाणगंगा ५ र ६, कपिलवस्तु



## स्वास्थ्य परामर्श तथा उपचार

071-538893
9847352127




पायल्स, फिसर, फिस्टुलाको क्षारशूत्र विधिबाट सफल उपचार

**हाम्रा सेवाहरू**

- यौन चाहाना नहुने, उत्तेजना नहुने
- सिध्र स्खलन हुने
- ग्यास्ट्राइटिस, अलसर, IBS तथा पेट सम्बन्धी रोगहरू
- जोर्नि दुखाई, बाथ, युरिक एसिड बढेको
- पथ्थरी , प्रोस्टेट सुन्निएको रोग
- चाया, पोतो, दाज तथा छाला रोग
- सुगर, प्रेसर, थाइरोइड रोगको उपचार



**डा. हेमन्त बन्जाडे**
आयुर्वेद चिकित्सक
फो. नं. 9867845678

दैनिक रुपमा चिकित्सकद्वारा स्वास्थ्य सम्बन्धि परामर्श र सम्पुर्ण रोगको सफल उपचार गरिन्छ।

**माता मनकामना आरोग्य केन्द्र**
राजमार्ग चौराहा, बुटवल
ॐ मिष्ठान्नको माथिल्लो तल्ला



## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/०९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३२१३ मिति २०८१/१२/२२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २५०८ मिति २०८२/१०/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, जमुन, कर्म, धौटी र अन्य जातका कुल जम्मा गोलिया थान ६८ को १४३७.५६ क्यू फिट काठ तथा ४.२५ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री रामजानकी सामुदायिक वन उपभोक्ता समूह**

नरैनापुर गा.पा.–०२, बाँके



## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।

LBF मार्का LBF

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फयाक्टी

नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।